२०७४ साल चैत्र २८ गते बुधबार अपरान्ह ०३.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ४, पोखरामा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको नं ०३।०६।२०७४।१२।२७ को प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न मसौदा विधेयक २०७४ तयार पार्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव- "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रस्तुत प्रदेश नं ४ को आ.व. ०७४।०७५ को नीति तथा कार्यक्रम माथि छलफल भै प्रदेश सभामा संवोधनका लागि मिति २०७५।०१।०३ गते अपरान्ह २ बजे प्रदेश सभा र माननीय प्रदेश प्रमुखज्यूमा अनुरोध गर्ने निर्णय गरियो।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रस्तुत विद्युतीय सुशासन कार्यान्वयनका लागि गुरुयोजना (Master Plan) निर्माणको अवधारणा पत्र उपर छलफल भै अगाडि बढाउने निर्णय गरियो ।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्रस्तुत प्रदेश सरकारको लोगो सम्बन्धमा छलफल भयो ।

५. माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्सालज्यूबाट प्राकृतिक स्रोत दोहन सम्बन्धी विषयको प्रगति विवरण वैठकमा प्रस्तुत भै छलफल भयो ।